# स्थानीय राजपत्र

## विगु गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ७ | संख्याः १ | मितिः २०८०/०१/३१

### भाग-२

**विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०१/३१**

**प्रस्तावनाः**

विगु गाउँपालिका क्षेत्र भित्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्ने एवम् जलस्रोतको लाभदायक उपयोगको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवम् जलस्रोतलाई प्रदुषणमुक्त राख्न बाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ (१) अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(प) ले दिएको आधिकार प्रयोग गरी विगु गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधीको नाम "विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि विगु गाउँपालिका भित्र लागू हुनेछ।

(३) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **“समिति”** : भन्नाले यस कार्यविधिअनुसार गठन भएको जलस्रोत उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) **“जलस्रोत”** भन्नाले गाउँपालिकाभित्र रहेका भू-सतह, भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ग) **“प्रमाणपत्र”** भन्नाले दफा (९) बमोजिम दिइने प्रमाणपत्रलाई सम्झनु पर्छ।

(घ) **“उपभोक्ता”** भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ङ) **“गाउँपालिका”** भन्नाले विगु गाउँपालिका लादुक, दोलखालाई सम्झनुपर्छ।

(च) **“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विगु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत**लाई सम्झनुपर्छ।

## परिच्छेद-२

## जलस्रोत समिति सम्बन्धी व्यवस्था

३. स्थानीय जलस्रोत समिति : **(१)** गाउँपालिकाभित्र रहेको जलस्रोतको उपयोगको अनुमति प्रदान गर्ने लगायतको प्रयोजनका लागि विगु गाउँपालिकामा एक गाउँ जलस्रोत समिति रहने छ। गाउँ जलस्रोत समितिमा देहायका पदाधिकारीहरु रहनेछन्।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष | -सदस्य |
| (घ) पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| (ङ) सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (च) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (छ) भौतिक पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (ज) प्रशासन वा योजना शाखा प्रमुख | -सदस्य |

**(२)** समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकताअनुसार बस्नेछ।

**(३)** बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। बैठकको निर्णय प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्नेछ।

**(४)** बैठकमा कुनै विषयमा थप परामर्श आवश्यक पर्ने भएमा आवश्यकतानुसार गाउँपालिकाका अन्य कर्मचारी तथा पदाधिकारीलाई अध्यक्षले आमन्त्रण गर्न सक्नेछ।

**(५)** बैठक सञ्चालनको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-३

### मुहान तथा उपभोक्ता समिति दर्ता र सञ्चालन

४. उपभोक्ता समिति दर्ता गर्नु पर्ने :

स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवम् अन्य घरेलु प्रयोगका लागि यस कार्यविधि बमोजिम जलस्रोत उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति सञ्चालन गर्नुपर्दछ।यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति सञ्चालनमा ल्याउनु हुँदैन।

५. जलस्रोत मुहान दर्ता गर्नुपर्ने : (१) गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत/मुहानबाट व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुहान सहित आधिकारिक खानेपानी उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ। खानेपानी उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी सङ्कलन गर्ने मुख्य श्रोत मुहान (मुहान) दर्ताको लागि गाउँपालिका समक्ष निवेदन गर्नु पर्नेछ। निवेदन प्राप्त भए पछि दफा (३) अनुसारको गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिले मुहान दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता सहितको अनुमती दिन सक्ने छ। उक्त मुहानको पानीको उपयोगमा उपभोक्ता समितिको अधिकार रहनेछ।

(२) कुनै व्यक्तिको जग्गामा रहेको मुहान खानेपानी समितिको नाममा दर्ता गर्नु परेमा उक्त जग्गा धनीको मन्जुरीनामा पेस गर्नु पर्नेछ। तर, माथि लेखिए बमोजिमको मन्जुरीनामा बिना पनि बिगत देखि नै सामुदायिक रुपमा प्रयोग भएको निजी मुहान वा मुहान गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिले अति आवश्यक ठानेको निजी जग्गामा रहेको मुहान समेत निर्णय गरी सार्बजानिक प्रयोगको लागि व्यवस्था गरि दिन सक्नेछ ।

६. उपभोक्ता समिति दर्ता : (१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धी देहायको विवरण खुलाई तोकिएको दस्तुर तिरेको रसिद सहित गाउँपालिका स्तरीय गाउँ जलस्रोत समिति समक्ष अनुसूची-१ बमोजिमको निवेदन दिनु पर्नेछ। निवेदन पेस गर्दा अनुसूची -२ बमोजिमका कागजपत्रहरु संलग्न राखी देहायको विवरण सहित पेस गर्नु पर्नेछ।

(क) समितिको नाम,
(ख) उद्देश्यहरु,
(ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,
(घ) कार्यालयको ठेगाना,

(ङ) समिति सञ्चालनको विधि र प्रक्रिया,

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भए पछि गाउँपालिका अध्यक्षको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझको लागि सम्वन्धित सरोकारवालाहरुको जानकारीको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी सम्वन्धित वडा कार्यालय, मुहान क्षेत्र तथा सार्वजनिक क्षेत्रमा सूचना टाँस गरेर राय मागी विवाद भए नभएको जाँचबुझ गर्नु पर्नेछ।

(३) जाँचबुझको क्रममा कुनै कागजात नपुग भएमा प्रमुख प्रशासकीय अधिकृतले ७ दिन भित्र आवश्यक थप कागजात पेस गर्न लगाउन सक्नेछ।

(४) प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक लागेमा गाउँपालिकाका प्राविधिकहरुलाई स्थलगत सर्वेक्षणको लागि खटाउन सक्नेछ। यसरी खटिने प्राविधिकले मुहानको स्थिति, पानीको मात्रा, वर्तमान प्रयोग, आर्थिक, सामाजिक वातावरणीय तथा अन्य प्रभाव, विवादको स्थिति लगायतका विषयहरु खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी उपभोक्ता समिति दर्ता गर्न उचित ठानेमा दफा (३) बमोजिमको गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिमा पेस गरी समितिको निर्णय बमोजिम समितिको बिधान स्वीकृत गरेर उपभोक्ता समिति दर्ता गरी प्रमाण पत्र दिनेछ। गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिमा कुनै उपभोक्ता समिति दर्ता नगर्ने निर्णय गरेमा सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतले निर्णय भएको ३० दिन भित्र सम्वन्धित निवेदकलाई दिनु पर्नेछ।

(६) प्रमुख प्रशासकीय अधिकृतले प्रारम्भिक जाँचबुझ बमोजिम कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई निवेदन दिएको ३० दिन भित्र दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको उजुरी प्राप्त भए पछि गाउँपालिका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्ने प्रकृयाको लागि गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिमा पेस गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिले दर्ता गर्न उचित रहेको निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले उपभोक्ता समिति दर्ता गरिदिनु पर्नेछ।

७. <u>दोहोरो उपभोक्ता समिति दर्ता नगरिने</u> : कुनै स्रोतको उपयोग गर्न एउटा समिति दर्ता भई सकेपछि त्यस्तो उपभोक्ता समितिले उपयोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोही स्थानमा अर्को समिति दर्ता गरिने छैन।

८.	<u>समिति गठन प्रक्रिया</u> : (१) सामूहिक लाभका लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने ब्यक्तिहरुले यस कार्यविधिमा तोकिए बमोजिम जलस्रोत उपभोक्ता समिति गठन गर्न सक्नेछन्।

(२) उपभोक्ता समिति गठन गर्दा कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गरी तोकिएको समय र स्थानमा सम्वन्धित मुहान भएको क्षेत्र वरिपरिका तथा मुहान उपभोग गर्ने उपभोक्ता लाभग्राही तथा प्रभावितहरुको आम भेला बसी भेलाको निर्णय बमोजिमको कार्य समिति चयन गरी अनुसूची-६ बमोजिम तयार गरीएको विधान स्वीकृत गरी मुहान दर्ताको लागि अध्यक्ष, कोषाध्यक्ष तथा सचिवलाई अख्तियारी दिई गाउँपालिकामा पठाउने निर्णय गर्नु पर्नेछ।

(३) कार्य समिति गठन गर्दा ७ देखि ११ सदस्यीय हुने गरी निर्माण गर्नु पर्नेछ। प्रमुख ४ पदमध्ये एक पद अनिवार्य रुपमा महिला सदस्यको लागि छुट्ट्याउनु पर्नेछ। कार्य समितिमा कुल सङ्ख्याको ३३ प्रतिशत महिला हुनु पर्नेछ।

(४) जलस्रोत उपभोक्ता समिति दर्ताको लागि सम्वन्धित वडाले समितिको निवेदन प्राप्त गरी सार्वजानिक सूचना मार्फत लाभान्वित व्यक्तिहरुको भेलाबाट सार्वजनिक मुचुल्का गरी समिति दर्ता गर्दा कुनै पनि सामाजिक, धार्मिक, जातीय, वातावरणीय, आर्थिक तथा अन्य क्षेत्रमा नकारात्मक प्राभाव पार्ने वा नपार्ने खुलाई अनुसूची -५ बमोजिमको मुचुल्का तयार पार्नु पर्नेछ। साथै वडाध्यक्षले वडा समितिको निर्णय संलग्न राखी समिति दर्ताको लागि कुनै विवाद तथा नकरात्मक प्रभाव नरहेको खुलाई अनुसूची-४ बमोजिमको सिफारिस गर्नुपर्नेछ।

९.	**<u>प्रमाण पत्र तथा नवीकरण</u>** : (१) यस कार्यविधि बमोजिम दिईने जलस्रोत उपभोक्ता समिति दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ। उक्त प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष अन्त्य भएको मितिले ३ महिना भित्र अनिवार्य रुपमा नविकरण गर्नु पर्नेछ। तीन महिनासम्म पनि नविकरण नगरी ९ महिना (चैत्र मसान्त) भित्र नवीकरण गर्न आएमा तोकिएको जरिवाना लिई नवीकरण गरी दिन सकिनेछ। ९ महिना सम्म पनि नवीकरण नगर्ने जलस्रोत समिति स्वतः खारेज भएको मानिनेछ।

(२) उपदफा (१) मा जे भएता पनि प्रचलित कानुन बमोजिम दर्ता भएका तर दर्ता तथा नविकरण गर्ने जिम्मेवारी फरक निकायले लिदा र दिदा जलश्रोत उपभोक्ता समिति प्रभावित हुन पुगेकोले पहिलो नविकरण प्रयोजनार्थ १ वर्ष (२०७९ असोज भित्र, आ.व. २०७९/०८० को निम्ति) नविकरण गर्न छुटेका वा नविकरण नगरिएका जलश्रोत उपभोक्ता समितिको प्रमाणपत्र खारेज नगरी यसै कार्यविधि अनुसार नविकरण गरिनेछ ।

(३) उपभोक्ता समिति दर्ताको लागि निबेदन दर्ता दस्तुर, समिति दर्ता दस्तुर, नवीकरण दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। आर्थिक ऐनमा उल्लेख नभए सम्मका लागि निबेदन दर्ता दस्तुर रु. २००। (दुइ सय) समिति दर्ता दस्तुर रु.१,०००।—(एक हजार) नवीकरण दस्तुर वार्षिक रु. ८००- (आठ सय) र बिलम्ब जरिवाना थप रु. ३०० (तिन सय) प्रति महिनाका दरले तिर्नु पर्नेछ।

१०. <u>समिति संगठित संस्था मानिने</u> :

(१)यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

११. <u>समितिको सम्पत्ति</u> : (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विपरित समितिको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट फिर्ता गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले अदालतमा उजुर गर्न सक्नेछ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ।

१२. **<u>यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नु पर्ने</u>** : (१) यो कार्यबिधि प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भई गाउँपालिकाभित्र सञ्चालमा रहेका समितिले नयाँ दर्ता प्रक्रियामा जानु नपर्ने तर यो कार्यबिधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ। पहिल्यै दर्ता भएका समितिले गाउँपालिकामा सूचीकृत दर्ता हुनको लागि गत आ. व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

१३. **<u>समितिको उद्देश्यहरुमा हेरफेर तथा विधान संशोधन</u>** : (१) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा समितिको विधानमा कुनै संशोधन गर्नु परेमा वा सो समितिलाइ कुनै अर्को समितिमा गाभ्न उचित देखिएमा सो समितिले प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुइ तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताब साधारण सभाबाट पारित भएको मानिनेछ। यसरी साधारण सभाबाट पारित भएको संशोधित बिधान गाउँपालिकाबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

**१४. <u>समितिको वर्गिकरण</u>** : (१) दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालमा रहेका खानेपानी उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य सङ्ख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ।

(क) ३०० जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क) वर्ग
(ख) १०१ देखी २०० जना उपभोक्ता सदस्य भएको (ख) वर्ग
(ग) १०० जना सम्म उपभोक्ता सदस्य भएको (ग) वर्ग

**१५. तदर्थ समिति गठन गर्न सकिने** : (१) यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम एक वर्ष भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पूरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पूरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी सञ्चाल नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया पूरा गरी गराई व्यवस्थापन गर्न सक्नेछ।

**१६. <u>महासङ्घ गठन गर्न सकिने</u>** : (१) दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरीय खानेपानी उपभोक्ता महासङ्घ गठन गरी सोही सङ्घको प्रत्यक्ष रेखदेख, सहयोगमा अन्य मातहतका सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चाल गर्न सकिनेछ।

**१७. <u>सेवा प्रदान गर्नु पर्ने</u>** : (१) खानेपानी उपभोक्ता समितिले आफ्नो प्रस्तावित क्षेत्र भित्रका उपभोक्तालाई समानताका आधारमा पानी तथा लाभको वितरण गर्नु पर्नेछ। यसरी सेवा वितरण गर्दा विद्यालय, स्वास्थ्य संस्था आदिलाई प्राथामिकता दिनुपर्नेछ।

(२) समितिले अफ्नो प्रस्तावित क्षेत्रभित्रका कसैलाई पनि साधारण सदस्य बन्न नदिन वा सेवा प्राप्त गर्नबाट बञ्चित गर्न पाइने छैन।

(३) समितिले खानेपानी आपूर्ति गर्दा गाउँपालिकामा दर स्वीकृत गराई लाभग्राहीबाट सञ्चालन खर्चको लागि न्यूनतम सेवा शुल्क लिन सक्नेछ।

(४) समितिको विधान पालना गर्नु, तोकिएको समयमा शुल्क तिर्नु, पानीको गुणस्तर कायम गर्न मद्दत गर्नु, निर्माण भएका संरचनाको संरक्षण तथा मर्मतमा सहयोग गर्नु, समितिका सदस्य तथा उपभोक्ताको कर्तव्य हुनेछ।

१८. **<u>साधारण सभा तथा लेखा परीक्षण</u>** : (१) समितिले विधान बमोजिम वार्षिक साधारण सभा गरी त्यसको प्रतिवेदन प्रत्येक बर्ष असोज मसान्त भित्र गाउँपालिकामा पठाउनु पर्नेछ।

(२) उपभोक्ता समितिले विभिन्न क्षेत्रबाट प्राप्त गरेको आम्दानी र खर्चको स्पष्ट लेखा राखी प्रत्येक आ.व.मा दर्तावाल लेखा परीक्षकबाट लेखा परीक्षण गराई आफ्नो समितिको हिसाबको विवरण सहितको लेखा परीक्षण प्रतिवेदन, सामाजिक परिक्षण प्रतिवेदन प्रत्येक बर्ष असोज मसान्तभित्र गाउँपालिकामा पठाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदन प्राप्त नभएमा गाउँपालिकाले समिति नवीकरण गर्ने छैन।

१९. **<u>हिसाब जाँच गर्ने</u>** : (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा समेत जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराएबापत गाउँपालिकाले जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सय कडा तिन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकेको म्यादभित्र हिसाब जाँची सो को प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति कुनै पदाधिकारी, सो संस्थाको सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानूनबमोजिम कारबाही गराउन सक्नेछ। तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ।

२०. **<u>निर्देशन दिने</u>** : (१) गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

२१. **समितिको बिघटन** : (१) समितिको बिधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति बिघटन भएमा त्यस्तो सम्पूर्ण जायजेथा गाउँपालिकमा सर्नेछ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले बेहोर्नेछ। समितिको जायजेथाले नभ्याएको दायित्वको जिम्मेवारी गाउँपालिकाले लिने छैन। दायित्व बेहोर्ने प्रकिया र प्राथामिकता जलस्रोत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **नयाँ कार्यसमिति चयन** : (१) समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्य समिति चयन गर्नु पर्नेछ। समयावधि भित्र नयाँ कार्य समिति चयन हुन नसकेमा उक्त कार्य समिति स्वतः बिघटन भएको मानी अर्को कार्य समिति चयन नभएसम्म दफा (१५) बमोजिम गठन गरी सञ्चालनको व्यवस्था गाउँपालिकाले गर्नेछ।

## परिच्छेद-४

## दण्ड, जरिवाना तथा पुनरावेदन

२३. **दण्ड सजाय** : (१) दफा ४ बमोजिम मुहान दर्ता नगराई समिति स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) दफा (१८) बमोजिमका विवरणहरु गाउँपालिकामा नपठाएमा कार्य समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। तर, कुनै सदस्यले दफा (१८) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेस गर्न सकेमा निजलाई सजाय गरिने छैन।

(३) दफा (१९) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा (१३) बमोजिम गाउँपालिकाको स्वीकृती नलिई समितिको उद्देश्य तथा विधानमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो गर्ने समितिको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ।

(५) कसैले बदनियतपूर्वक जलस्रोतको मुहान, संरचना आदिमा क्षति पुग्ने काम गरेमा, विगारेमा, भत्काएमा वा कुनै पनि पदार्थ या रसायन प्रयोग गरी पानी प्रदूषित वा विशाक्त पारेमा गाउँपालिकाले प्रचलित कानूनबमोजिम कारवाही गर्न तथा बिगो असुल उपर गर्न सक्नेछ।

२४. **<u>पुनरावेदन तथा उजुरी</u>** :(१)दफा (२३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५(पैंतिस) दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

(२) कुनै जलस्रोतको कुनै समितिले उपयोग गर्दा कसैलाई मर्का परेको व्यक्ति वा सङ्गठनले त्यसको बेहोरा खुलाई गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिमा उजुरी दिन सक्नेछ।

## परिच्छेद-५

## संशोधन, बचाउ र खारेजी

२५. **<u>खारेजी वा बचाउ</u>** : (१)यो कार्यबिधि संशोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँकार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ।

(२)यो कार्यबिधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यबिधिअनुसार र उल्लेख नभएको हकमा प्रचलित कानुनअनुसार हुनेछ।

(३) "विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०" लागू हुनु पूर्व जलस्रोत ऐन, २०४९ तथा जलस्रोत नियमावली, २०५० अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ।

(४) यो कार्यबिधिमा भएको व्यवस्था सङ्घीय कानून, प्रदेश कानून तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

<u>अनुसूची- १</u>

<u>दफा ६(१) सँग सम्बन्धित )</u>

**निवेदन पत्रको ढाँचा**

श्री अध्यक्षज्यू,
गाउँ जलस्रोत समिति,
विगु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
लादुक, दोलखा।

महोदय,

हामीले ..............................उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहेकोले तहाँ **"विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०"** को दफा (५)र (६) बमोजिम उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको २ प्रति विधान र दुई सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं।

<u>विवरण</u> :

१. **उपभोक्ता समितिको नाम** :

२. **कार्यक्षेत्र** :

३. **उद्देश्यहरु** :

(क)

(ख)

(ग)

<u>समितिको विवरण</u> :

| क्र.सं. | नाम | ठेगाना | पद | पेशा | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|

१. **उपयोग गरिने जलस्रोतको विवरण :**

क) **जलस्रोतको नाम र रहेको स्थान :**

ख) **जलस्रोतबाट गरीने प्रयोग :**

ग) **उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :**

घ) **उक्त जलस्रोतको हाल भइरहेको उपयोग :**

२. **उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :**

(क) **सेवाको किसिम :**

(ख) **सेवा पुऱ्याउने क्षेत्र :**

(ग) **सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सङ्ख्या :**

(घ) **भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :**

३. **अनुमानित लागत तथा आर्थिक स्रोतको विवरण :**

४. **कार्यालयको ठेगाना :**

**"विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०"** को सम्पूर्ण प्रावधानहरुको पालना गर्न मञ्जुर छौं। माथि उल्लेखित बेहोरा ठीक साँचो छ, झुठा ठहरेमा कानू बमोजिम सहुँला, बुझाउँला।

निवेदक

**उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेकोः**

समितिको छाप :

सही :

नाम :

पद :

ठेगाना :

मिति :

सम्पर्क नं :

## अनुसूची-२

### (दफा ६(१) सँग सम्बन्धित )

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. अनुसूची -१ बमोजिमको निवेदन फाराम-पाना १

२. अनुसूची-५ बमोजिमको विधान ३ प्रति (हरेक पानामा सम्पूर्ण सदस्यहरुले सही गरी समितिको छाप लगाईएको हुनुपर्ने।

३. पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि।

४. सर्जमिन मुचुल्कामा हस्ताक्षर गर्ने सर्वसाधारणको नागरिकताको प्रतिलिपि।

५. वडा कार्यालयको निर्णय सहितको अनुसूची-४ बमोजिमको सिफारिस पत्र।

६. आम भेलाको निर्णयको प्रतिलिपि (समिति दर्ता सम्बन्धी, पदाधिकारी चयन, अख्तियारी प्रदान, सुरु आम भेलामा वडाको निर्वाचित पदाधिकारीको उपस्थिति सहितको निर्णयको प्रतिलपि )।

७. मुहानको प्राविधिक नक्सा वा सामुदायिक नक्सा (प्रमाणित )।

८. उपभोक्ता तथा समुदाय देखि मुहानसम्मको दूरी ।

९. मुहान व्यक्तिगत भएमा मञ्जुरीनामा तथा जग्गाको लालपुर्जाको प्रतिलिपि।

१०. सम्बन्धित वडा कार्यालयले तयार पारेको सर्जमिन मुचुल्का।

११. गाउँपालिकाको राजश्व शाखामा रु.२००।–तिरेको नगदी रसिद।

१२. सम्बन्धित वडामा वन उपभोक्ता समिति गठन भएको भए उक्त वन क्षेत्र भित्र खानेपानी उपभोक्ता समितिको मुहान पर्ने नपर्ने हो सो सम्बन्धमा वन उपभोक्ता समितिको सिफारिस पत्र।

१३. जलस्रोत उपभोक्ता समिति दर्ताका लागि सहयोग गर्ने संस्था भए संस्थाको आर्थिक प्रतिवद्धता सहितको सिफारिस पत्र।

१४. समितिको छाप।

## अनुसूची-३

**(दफा ९(१) सँग सम्बन्धित )**

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा।

दर्ता नम्बर ....
दर्ता मिति ..............................

जलस्रोत उपभोक्ता समिति दर्ता प्रमाण -पत्र।

श्री ............................................................
विगु गाउँपालिका- वडा नं..............., .........................।

विगु गाउँपालिका स्तरीय गाउँ जलस्रोत समितिको मिति ..............................को निर्णयानुसार .......................................(सम्बन्धित उपभोक्ता समितिको नाम) ..............................लाई **"विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०"** को दफा ५ र ६ बमोजिम .......................... साल............महिना ........... गते यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण प्रदान गरिएको छ। **"विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०"** बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला।

उपयोग गर्ने मुहानको नाम र ठेगाना :

प्रमाण पत्र प्रमाणित गर्ने अधिकारीको

सही:
नाम, थर :
पद :

| क.स. | नवीकरण भएको मिति | नवीकरण दस्तुर /भौचर न./ मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१. यो प्रमाणपत्र प्रत्येक आ. व. अन्त्य भएको ३ महिना भित्र नवीकरण गर्नु पर्नेछ। अन्यथा तोके बमोजिमको जरिवाना लाग्नेछ।

२. उपभोक्ता समिति सञ्चाल गर्दा तथा मुहानको उपयोग गर्दा **“विगु गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८०”** को पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

## अनुसूची-४

**(दफा- ८ (४) सँग सम्बन्धित)**

**वडाको सिफारिसको ढाँचा**

:                                                                                                                मिति

……………

श्री गाउँ जलस्रोत समिति,
विगु गाउँपालिका,
लादुक, दोलखा ।

विषयः- जलस्रोत उपभोक्ता समिति दर्ता सम्बन्धमा।

प्रस्तुत विषयमा विगु गाउँपालिका अन्तर्गत वडा नं ………. मा सञ्चाल हुने ……. योजनाको लागि ……………. ………………………………….मुहानको पानी उपयोग गर्ने गरी…………………………उपभोक्ता समिति गठन भएकोले उक्त समिति तथा मुहान दर्ता गर्दा कुनै पनि सामाजिक, आर्थिक, वातावरणीय,……………लगायतका क्षेत्रमा नकारात्मक प्रभाव नपर्ने भएको हुँदा उक्त जलस्रोत उपभोक्ता समिति दर्ता गर्न सिफारिस गरिन्छ। साथै सो सम्वन्धमा वडा समितिको निर्णयको प्रतिलिपि तथा सर्जमिन मुचुल्का यसै पत्रसाथ संलग्न राखि पठाइएको छ।

……………………
(…………..)
वडा अध्यक्ष

## अनुसूची-५

## (दफा ८(४) सँग सम्बन्धित)

## मुचुल्काको ढाँचा

लिखितम् हामी तपसिलमा लेखिएका मानिसहरु आगे हामीले जिल्ला..............................: ........................गाउँपालिका............नं.वडा...........................टोल...................................... ..............मा खानेपानी मुहान रहेको छ। उक्त मुहान दर्ता पश्चात् सामाजिक, धार्मिक, जातीय, वातावरणीय, आर्थिक तथा अन्य क्षेत्रमा असर नपर्ने कुरा खुल्न आउँछ। यो बेहोरा हाम्रो चित्त बुझी हामीलाई थाहा भएसम्मको सही सत्य बेहोरा आफ्नो इमान, धर्म सम्झेर पछिसम्म कुनै फरक नपर्ने गरी लेखीलेखाई देहायअनुसार सहिछाप गरीदियौं।

**तपसिल**

वडा अध्यक्ष..............नं. श्री...............................................

निवेदक :...................................................................

*साक्षीहरु :*

१)................जिल्ला................गाउँपालिका.............नं.वडा बस्ने
ना.प्र.प.नं..................वर्ष.........को
श्री...........................................................................१

२)................जिल्ला................गाउँपालिका .............नं.वडा बस्ने
ना.प्र.प.नं..................वर्ष.........को
श्री...........................................................................२

३)................जिल्ला................गाउँपालिका.............नं.वडा बस्ने
ना.प्र.प.नं..................वर्ष.........को
श्री...........................................................................३

४)................जिल्ला................गाउँपालिका.............नं.वडा बस्ने
ना.प्र.प.नं..................वर्ष.........को
श्री...........................................................................४

५)................जिल्ला................गाउँपालिका.............नं.वडा बस्ने
ना.प्र.प.नं..................वर्ष.........को
श्री...........................................................................५

**इति सम्वत् ..............................गतेः रोज......................शुभम्........................................**

<u>अनुसूची - ६</u>

<u>(दफा ८ (२) सँग सम्वन्धित )</u>

**विधानमा संलग्न गर्नु पर्ने विवरण तथा विधानको नमूना**

उपभोक्ता समितिको विधानमा देहायका विवरण खुलाउनु पर्नेछ :

(क) पुरा नाम र ठेगाना :

(ख) उद्देश्य तथा कार्य क्षेत्र :

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क :

(घ) सदस्यको निस्काशन र राजीनामा :

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन :

(च) साधारण सभा सम्बन्धी सञ्चालक समितिको गठन (निर्वाचन एवम् काम, कर्तव्य तथा अधिकार सम्बन्धी)

(छ) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था :

(ज) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि :

(झ) कोष र लेखा परीक्षण :

(ञ) विधान संशोधन :

(ट) विघटन :

(ठ) विविध।

**आज्ञाले,**

**कृष्णहरि पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**